MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड

# Account Opening Form
## (खाता खोल्ने दरखास्त फाराम)

शाखा
Branch ____________

मिति:
Date: ..........................................

Screen No.: [ ][ ][ ][ ][ ]

KYC: [ ][ ][ ][ ][ ][ ]

Client Code: [ ][ ][ ][ ][ ][ ][ ][ ]

Account No.: [ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ]

महाशय,
Dear Sir/Madam,

कृपया तल उल्लेखित नाममा खाता खोलिदिनु होला ।
Please open in your book an account with undermentioned title.

## खाताको किसिम (उपयुक्त ठाउँमा [✓] चिन्ह लगाउनुहोस ।) / Nature of Accounts (Mark [✓] as Appropriate)

[ ] बचत Saving Account    [ ] संयुक्त खाता Joint Account    [ ] नाबालिग Minor    [ ] संस्थागत Institutional    [ ] अन्य Others ____________

**Types of Account:** ____________

## परिचय विवरण / Identification Details

**निवेदकको नाम / Name of Applicant in Block Letters**

In English: [ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ][ ]

देवनागरीमा: ____________

लिङ्ग: Gender: [ ] महिला Female    [ ] पुरुष Male    [ ] अन्य Other

बैवाहिक स्थिति: Marital Status    विवाहित Married [ ]    अविवाहित Unmarried [ ]

जन्म मिति (वि.सं.): Date of Birth (B.S.): [ ][ ][ ][ ][ ][ ][ ][ ]

राष्ट्रियता: Nationality: ____________

पेशा: Occupation: ____________

प्यान नं.: PAN No.: ____________

नागरिकता/पासपोर्ट नं.: Citizenship/Passport No.: ____________

जारी मिति: Date of Issue: [ ][ ][ ][ ][ ][ ][ ][ ]

जारी स्थान: Place of Issue: ____________

## व्यक्तिगत संयुक्त खाताको लागि / For Personal Joint Account

Account Name (in BLOCK Letters) ____________

Mr./Mrs./Ms/Others (in BLOCK Letters) 1 ____________

श्रीमान्/श्रीमती/सुश्री/अन्य ____________

Mr./Mrs./Ms/Others (in BLOCK Letters) 2 ____________

श्रीमान्/श्रीमती/सुश्री/अन्य ____________

## नाबालकको हकमा / Details in Case of Minor Account:

नाबालकको उमेर: Age of minor: ____________

जन्म दर्ता प्र.प.नं.: Birth Regd. No.: ____________

जारी स्थान: Place of Issuance: ____________

संरक्षकको नाम: Name of Guardian: ____________

नाबालक संगको नाता: Relation with Minor: ____________

## संस्थागत खाताको लागि / For Institutional Account

कम्पनीको नाम Name of Company ____________

रजिष्टर्ड ठेगाना Registered Address ____________

दर्ता नं. Reg. No. ____________

दर्ता मिति Registration Date: ____________

पान/भ्याट नं. PAN/VAT No. ____________

| स्थायी ठेगाना/Permanent Address | हालको ठेगाना/Present Address | पत्राचार गर्ने ठेगाना/Communication Address |
|---|---|---|
| | | |

फोन नं./Phone Number

मोबाईल नं./Mobile Number

टेलेक्स/फ्याक्स नं./Telex/Fax number

ईमेल ठेगाना/Email Address

पत्राचार गर्ने ठेगाना ( ) कार्यालय ( ) आवासीय

Correspondence address [ ] Business [ ] Residential

## विदेशी नागरिक तथा शरणार्थीको हकमा / In Case of Foreign Nationals and Refugee

| | | | |
|---|---|---|---|
| आधिकारिक परिचय पत्र नं. Regd./ID No.: | | जारी मिति: Issued Date: | |
| जारी गर्ने निकाय: Issuing Authority: | | जारी गरेको स्थान: Place of Issuance: | |

## हस्ताक्षर नमूना कार्ड / Signature Specimen Card

Special Instructions:

| नाम/Name: | | | औंठा छाप/Thumb Impression | |
|---|---|---|---|---|
| फोटो Photo | हस्ताक्षर/Signature | हस्ताक्षर/Signature | दायाँ/ Right | बायाँ/Left |
| | | | | |

| नाम/Name: | | | औंठा छाप/Thumb Impression | |
|---|---|---|---|---|
| फोटो Photo | हस्ताक्षर/Signature | हस्ताक्षर/Signature | दायाँ/ Right | बायाँ/Left |
| | | | | |

Finance's use Only:

| Verified by | Approved by | Scanned by | Image Approved by |
|---|---|---|---|
| | | | |

## शेषपछि इच्छाइएको व्यक्तिको विवरण / Name of Nominee

महाशय,

म ...............................................................................................ले यस वित्तीय संस्थामा संचालन गरेको बचत/मुद्दती खाता नं. ................................. बाट मेरो शेषपछि प्राप्त गर्न कुनै रकम बाँकी भए निम्न बमोजिमको इच्छाएको व्यक्तिलाई भुक्तानी दिनुहोला ।

Dear Sir,

I ....................................................... maintaining Saving/Terms Deposit Account No. ............................................... with your Finance hereby give details of the nominee(s) to receive any sums of amount which may be due to from Finance in the event of my death.

P.P. Size Photo

नाम: (Name) ........................................................................................................................................ नाता: (Relationship) ..........................

उमेर: (Age) .................ठेगाना: (Address) ............................................................................................... दस्तखत: (Signature) .............................

परिचय-पत्र (राहदानी/सवारी लाईसेन्स/नागरिकता प्रमाण-पत्र/अन्य) नं. ..........................................................................................

Identification Card No. (Passport/Driving License/Citizenship Certificate/Other): ..........................................................................................

## अन्य सेवाहरू / Other Services

Mobile Banking Facilities (मोबाईल बैकिङ्ग सेवा) ☐ Yes (चाहिन्छ) ☐ No (चाहिंदैन) Mobile No. (मोबाईल नं.) ____________________

☐ Inquiry (Balance, Statement) सोधपुछ (मौज्दात, स्टेटमेन्ट)

☐ Request (Cheque book, Statement) चेक बुक र स्टेटमेन्टको लागि अनुरोध

☐ Bill/Merchant Payment/Recharge बिल/मर्चेण्ट तिर्नु/रिर्चाज

☐ Fund Transfer (Internal A/C, Other Bank A/C) रकमान्तर (आन्तरिक खाता तथा अन्य बैंक खाता)

☐ Transaction alerts कारोवार सूचना

Debit Card (डेबिट कार्ड) ☐ Yes (चाहिन्छ) ☐ No (चाहिंदैन)

.............................

हस्ताक्षर

## परिचय / Introduction:

निवेदक(हरु) को परिचय, पेशा ठेगाना दुरुस्त छ भनी प्रमाणित गर्दछु/छौं । I/We confirm the identity, occupation and address of the applicant(s).

नाम/Name: ..................................................................................................................................................

खाता नम्बर/Account Number: | | | | | | | | | | | | | | | दस्तखत/Signature: ..................................................

| For Manjushree Finance use only / मञ्जुश्री फाइनान्सको प्रयोजनको लागि मात्र | | | | |
|---|---|---|---|---|
| | Initial | | Initial | Account opened by |
| Opened Date: | | Documentation Completed | | Name: ........................................................... |
| Specimen Signature Card | | Introduction confirmed | | Signature: ........................................................ |
| Nominee | | | | A/C Verified & Approved by |
| Identification copies verified against originals | | | | Name: ........................................................... Signature: ........................................................ |

## खाता सम्वन्धी नियमहरु

१ खातावालाहरुले सम्वन्धित खाता सञ्चालन प्रयोजनको लागि फाईनान्स लि.ले दिएको चेकवाट मात्र आफ्नो/उनको/उनीहरुको खातावाट मात्र रकम झिक्न सक्नेछन ।

२ चेकमा गरिने हस्ताक्षर फाईनान्सलाई दिएको हस्ताक्षर नमुना अनुसार हुनुपर्छ र चेकमा केही हेरफेर गरिएमा पूरा हस्ताक्षरद्वारा त्यसलाई प्रमाणित गरिएको हुनुपर्छ ।

३ पछिल्लो मिति र म्याद नाघेका चेकहरुको भुक्तानी गरिने छैन ।

४ फाईनान्सद्वारा प्रदान गरिएका चेकहरु खातावालाहरुले सुरक्षित राख्नुपर्नेछ । खातावालाहरुले ती चेकहरु हराएमा, चोरिएमा वा अन्य कुनै पनि तरिकावाट झुठो दस्तखत भई भुक्तानी भएमा फाईनान्सलाई जवाफदेही बनाउन पाइने छैन ।

५ चेकको भुक्तानी रोक्का गर्ने ड्रयरको निर्देशनलाई फाईनान्सले पंजिकृत गर्नेछ, तर कथंकदाचित भुक्तानी हुन गएमा फाईनान्स त्यसको जवाफदेही हुने छैन ।

६. खातावालाहरु स्वयंमको जिम्मेवारीमा मात्र कलेक्शनका लागि चेक स्वीकार गरिनेछ । त्यस्तो चेकहरुको यथासम्भव सावधानी तथा शिघ्रताका साथ भुक्तानी लिने प्रयास फाईनान्सले गर्नेछ,तर कुनै ढिलाई तथा हानीनोक्सानी भएको खण्डमा त्यसको जिम्मेवारी फाईनान्सले लिने छैन । खातामा जम्मा गरिनु अघि सवै चेक तथा कागजातहरुलाई रेखाकित गरिन आवश्यक छ । खातामा रकम जम्मा गरिएको भएता पनि चेक वापतको रकमको भुक्तानी प्राप्त नभएसम्म रकम झिक्न पाईनेछैन । रकम भुक्तानी नभई आएको खण्डमा ग्राहकहरुको खातावाट त्यस्तो रकम खर्च लेख्ने अधिकार फाइनान्ससँग सुरक्षित रहनेछ ।

७. ग्राहकको खातामा जम्मा तथा खर्च भएको रकमलाई शुद्धताका साथ अभिलेख गर्ने कुरामा फाईनान्सले पुरापुर ध्यान दिनेछ,तर कारणवश कुनै गल्ती भएको खण्डमा विना सूचना खाता समायोजन गरी सच्याउने र ग्राहकहरु सँग लिन बाँकी असुल गर्ने अधिकार फाईनान्सलाई हुनेछ ।

८. खातावालाको ठेगाना परिवर्तन भएमा त्यसको जानकारी तत्काल फाईनान्सलाई दिनुपर्नेछ । चिठ्ठीपत्र, रेमिटान्स आदि हस्तान्तरणकालागि हुलाक तथा यस्तै कार्यमा संलग्न एजेण्टहरुलाई खातावालाहरुको एजेण्ट मानिनेछ ढिलाई अपहुँच आदि कुराका लागि फाईनान्सले कुनै पनि दायित्व स्वीकार्ने छैन ।

९ अन्यथा सम्झौता नभएको अवस्थामा दुई वा दुईभन्दा बढी व्यक्तिको नाममा रहेको कुनै खातामा रहेको रकम ती मध्ये एक वा एकभन्दा बढी व्यक्तिको मृत्यु भएमा मृतकहरुद्वारा ईच्छाइएको व्यक्तिहरुलाई सो रकम भुक्तानी गरिनेछ र खातामा फाइनान्सलाई तिर्नुपर्ने रकम छ भने जीवित व्यक्तिहरु तथा मृतक खातावालाहरुको सम्पत्तिवाट संयुक्त तथा पृथक रुपवाट सो रकम भुक्तानी गरिनेछ ।

१० फाईनान्सको तर्फवाट दिइने नगद रसिद, चेक, सुरक्षण पत्र आदि फाईनान्सको मान्यता प्राप्त अधिकृतहरुको दस्तखत भएमा मात्र प्रमाणित मानिनेछ ।

११ सूचना जारी गरि कुनै वा सबै नियमहरुमा थप गर्ने वा परिवर्तन गर्ने सर्वाधिकार फाइनान्समा सुरक्षित रहनेछ र त्यस्ता परिर्वतन वा थप नियमहरु सवै ग्राहाकको लागि तत्काल लागू हुनेछ ।

१२. खाता सन्तोषजनक ढंगवाट सञ्चालन भइरहेको छैन भन्ने फाईनान्सलाई लागेमा वा अन्य जुनसुकै कारणवाट पुर्वसूचना विना कुनै खाता वन्द गर्ने अधिकार फाईनान्स संग सुरक्षित रहनेछ यसो गर्नुको कारणवारे ग्राहकहरुलाई वताइरहन फाईनान्स वाध्य हुनेछैन ।

१३. प्रत्येक खाताको लागि बिशेष संख्या छुट्याइएको छ । खाता सम्वन्धी सवै किसिमको लेखापढी र रकम जम्मा गर्दा झिक्दा यो संख्या उल्लेख गर्नुपर्नेछ ।

१४. व्यक्तिगत खाता खोल्दा कृपया नोमिनेशन फारम भर्नु पर्नेछ ।

१५. समय समयमा फाईनान्सवाट दिइने खाताको विवरणमा अन्यथा भएको जानकारी विवरण पठाएको सात (७) दिनभित्र फाईनान्सलाई प्राप्त नभएमा सो विवरण दुरुस्त भएको मानिनेछ ।

**उपरोक्त खाता संचालन सम्बन्धी मञ्जुश्री फाईनान्स लिमिटेडको शर्तहरु पढें/पढ्यौं र उक्त नियमहरुको पालना गर्न मेरो/हाम्रो मञ्जुरी छ ।**

## नियम र सर्तहरू

### डेबिट कार्ड

१. मञ्जुश्री फाइनान्स लिमिटेडको डेबिट कार्ड सधैं मञ्जुश्री फाइनान्स लिमिटेडको सम्पत्ति हुनेछ ।

२ उक्त कार्ड अन्य कसैलाई हस्तान्तरण गर्न पाईदैन ।

३. यदि कार्ड धारकले पेश गरेको जानकारी झुट्टा पाइएमा वा कार्डको दुरुपयोग भएमा मञ्जुश्रीले कार्ड धारकलाई जारी गरेको कार्ड जफत वा रद्द गर्न सक्नेछ ।

४. कार्ड प्रयोग गरी रकम निकाल्ने सहित गरिएका सम्पूर्ण कारोवारको लागि कार्ड धारकले तोकेको खाताहरुवाट कट्टा गर्नेछ । यस प्रयोजनको लागि कार्ड धारक संस्थालाई आफ्नो तोकिएको खातावाट कार्डको प्रयोग गरी गरिएको रकम कट्टा गर्न अपरिवर्तनिय ढङ्गवाट अख्तियार प्रदान गर्दछ ।

५. कार्ड र त्यसले प्रदान गर्ने सेवाहरू सम्बन्धी तोके बमोजिमको सबै शुल्कहरु तोकिएको खाताहरुवाट यस बित्तिय संस्थाले कट्टा गर्नेछ ।

६. तोकिएको संयुक्त खाताहरुको सम्वन्धमा कार्डद्वारा गरिएको सम्पूर्ण कारोवारको लागि सवै सदस्यहरु संयुक्त र एकल रुपमा जिम्मेवार हुनेछन् ।

७. कुनै पनि समयमा सदस्यता खारेज गर्ने, कार्डमा प्रदान गरिएका सुबिधाहरु फिर्ता लिने वा म्याद सकिएको कार्डलाई कुनै पनि समयमा नवीकरण नगर्ने र कार्ड धारकलाई कार्ड समर्पण गर्न आह्वान गर्ने अधिकार यसै संस्थामा निहित रहनेछ ।

८. सुविधाहरु बञ्चित गरेको वा सदस्यता खारेज गरेको सूचना पछि कार्डको प्रयोग धोखाधडी हो र प्रचलित कानून अनुसार संस्थाले कानुनी कारबाही गर्न सक्नेछ ।

९. कार्डमा तोकिएको म्याद सकिने मितिभन्दा अगाडि कार्ड धारकले संस्थालाई कार्ड रद्द वा नविकरण गर्नका लागि लिखित निर्देशन दिनु पर्नेछ ।

१०. कार्ड धारकलाई जारी गरिएको कार्ड र व्यक्तिगत परिचयात्मक नम्वर (यसपछि पिन भनिनेछ) पूर्ण रूपमा कार्ड धारकको जोखिम र दायित्वमा रहनेछन । कार्ड धारकले अन्य कुनै पनि व्यक्तिलाइ पिन व्यक्त गर्ने छैन वा कार्डको स्वामित्व अन्य कुनै व्यक्तिलाई ग्रहण गर्न अनुमति दिने छैन । कार्ड धारकलाई थाहा वा अख्तियार भई नभई कार्डको प्रयोग गरी गरिएको सम्पूर्ण कारोवारको दायित्व कार्ड धारकले लिनेछ ।

११. हराएको/चोरी भएको, विग्रिएको कार्ड र ब्यक्त गरिएको पिन सम्वन्धमा संस्थालाई लिखित रुपमा जानकारी दिन कार्ड धारक मञ्जुर गर्दछ । यसरी दिईएको जानकारीपूर्वको सम्पूर्ण कारोवारहरु प्रति कार्ड धारक नै जिम्मेवार ठहरिनेछ ।

१२. नगद झिक्ने र खरिद सहितको दैनिक कारोवार सीमा निर्धारण गर्ने र संस्थाको आफ्नो Automated Teller Machine (यसपछि एटिएम भनिनेछ) वाट प्रदान गरिने नोटको दर निर्धारण गर्ने अख्तियार यस संस्थामा निहित रहनेछ ।

१३. कार्डको वा एटिएम वा Point of Sale Terminal (यस पछि पिओएस भनिनेछ) को खरावीले त्यस्ता मेशिनमा अपर्याप्त रकम भएकोले, यान्त्रिक वा बिद्युतिय प्रवाहको खरावीले वा अन्य कारणले उत्पन्न कुनै पनि वा जुनसुकै कारणले एटिएम वा बिक्रेताको स्थलमा रहेका पिओएसवाट सेवाहरु प्राप्त गर्न नसकिएमा संस्था कुनै पनि प्रकारले जवाफदेही हुने छैन ।

१४. कार्ड मार्फत गरिएको कारोवार सम्बन्धि कुनै पनि विवाद संस्थालाई कारोवार भएको ३० दिनभित्र चार्जब्याकको प्रक्रिया थाल्नको लागि सूचित गर्नुपर्नेछ ।

१५. कारोवारको सत्यता यकिन गर्न समय समयमा कारोवारको विवरण जाँचगर्ने दायित्व कार्ड धारकको हुनेछ ।

१६. यहाँ उल्लेखित शर्त तथा बन्देजहरुको पालना कार्ड धारकवाट हुन नसकेर उत्पन्न भएको र संस्थाले बेहोरेको सम्पूर्ण क्षति हर्जाना खर्च वा ब्ययप्रति संस्थालाई कुनै दावी गर्ने छैन भनी कार्ड धारक मञ्जुर गर्दछ ।

१७. यी शर्त तथा बन्देजहरु र शुल्क तथा दस्तुरहरु कार्ड धारकलाई पूर्व सूचना नदिई परिमार्जन गर्ने अधिकार वित्तिय संस्थासँग निहित रहनेछ र त्यस्ता परिमार्जन तथा संशोधनहरू कार्ड धारकलाई मान्न बाध्यकारी हुनेछ ।

१८. सबै विवादहरू काठमाडौं, नेपालका अदालतहरूको कार्यक्षेत्रमा पर्नेछन् ।

## मोबाइल बैंकिङ्ग

१. मोबाइल बैंकिङ सेवा केवल व्यक्तिगत प्रयोजनको लागि मात्र हो । यो अरु कसैलाई हस्तान्तरण गरिने छैन । यसको प्रयोग वित्तीय संस्थाले इंगीत गरेको प्रयोजनको लागि मात्र गरिने छ ।

२. ग्राहकले यस संस्थावाट कारोवारका लागी दिइएका सुरक्षित गोप्य नाम, पासवर्ड, पिन आदि जानकारीहरुको गोपनियता कायम गर्नेछ र यी जानकारीहरु कुनैपनि अवस्थामा, कसैलाई कहिले पनि दिने छैन ।

३. यदि आफ्ना गोप्य पासवर्ड, नम्वर, पिन हराएको अथवा सोको जानकारीहरु कतै कोही असम्वन्धित व्यक्तिको जानकारीमा आएको थाहा भएमा तुरुन्त संस्थालाई जानकारी गराई रद्द गराउनुपर्नेछ र तिनको परिवर्तन गर्नुपर्नेछ ।

४. मोबाइल बैंकिङ्ग सेवाको प्रयोगबाट हुने सबै कारोबारको पूर्ण जिम्मेवारी ग्राहक स्वयंको हुनेछ ।

५. ग्राहकको जानकारी वा जानकारी विना नै, ग्राहकलाई उपलव्ध पिन, पासवर्ड आदिको प्रयोगवाट गरिएको सम्पूर्ण कारोवार आदेशलाई कार्यान्वयन गर्ने हक संस्था संग सुरक्षित रहेको हुनेछ ।

६. मोबाइल बैंकिङ्ग प्रणाली मार्फत दिईएका आदेशहरु प्रत्यक्ष रुपमा ग्राहकवाट नआएको शंका लागेमा संस्थाले यस्ता आदेशलाई अस्विकार गर्ने हक आफूसंग सुरक्षित राखेको हुनेछ ।

७. वित्तिय संस्थाले सेवा प्रदान गरे वापत आफ्नो आन्तरीक नियम अनुसारको कमिशन वा सेवा शुल्क लगाउन सक्नेछ । संस्थाले समय समयमा निर्धारण थप वा परिमार्जन गरे अनुसारको शुल्क ग्राहकको खातामा लागू गर्न सक्नेछ । कुनै पनि शुल्क, खर्च, कमिशन मार्जिन जरिवाना र सरकारको बिभाग वा निकायवाट असुल गर्ने कर भुक्तानीको लागि ग्राहकलाई सूचना सहित वा विना सूचना ग्राहकको खातावाट असुल उपर गर्न बैंकलाई सदैव अख्तियारी हुनेछ । गल्ती अभिलेख भएको अवस्थामा त्यसलाई सच्याउने अधिकार बैंकलाई हुनेछ ।

८. मोबाइल बैंकिङ्ग प्रणालीमा हुन आएको ढिलाई, अड्चन, वाधा वा अन्य कुनै प्राविधक कारणवस ग्राहकको आदेशको कार्यान्वयनमा हुन गएको ढिलाई वा बाधावाट ग्राहकलाई हुन गएको असुविधा, क्षति वा हानी नोक्सानीको लागि संस्था कुनै पनि किसिमले जिम्मेवार हुने छैन ।

९. ग्राहाकको खातामा पर्याप्त रकमको अभावहुने गरी कुनैपनि आदेश मोबाइल बैंकिङ्ग प्रणाली मार्फत वित्तिय संस्थालाई दिने छैन । यस्ता आदेश संस्थाले पाउदाखेरी खातामा पर्याप्त रकमको अभाव भएमा यी आदेशको पालना गर्न संस्था बाध्य हुने छैन ।

१० ग्राहकले संस्थाको अभिलेख अनुसार ग्राहाकको खातामा दर्ज गरेका अभिलेखहरुलाई सदैव स्वीकार गर्नेछ र कुनैपनि प्रयोजनको लागि निर्णायक हुनेछ ।

११. मोबाइल बैंकिङ्ग प्रणालीको प्रयोग सधैं प्रचलित नियम र विनियमहरुको अधिनमा रहनेछ ।

१२. उल्लेखित नियम एवं शर्तहरुलाई, कुनै पनि समयमा, ग्राहकलाई सुचित गरी वा नगरी संशोधन, परिवर्तन वा थप गर्ने अधिकार संस्थालाई रहनेछ र यी परिवर्तनहरु सदैव ग्राहकले स्वीकार गर्नुपर्नेछ ।

१३. कानून अनुसार आवश्यक भएको खण्डमा वा कुनै नियमनकारी सरकारी निकायवाट अनुरोध भएको अवस्थामा वाहेक ग्राहकको खाता सम्बन्धी सूचनाहरु गोप्य राखिनेछ ।

१४. ग्राहकलाई सुचित गरी वा नगरीकन, मोबाइल बैंकिङ्ग सुविधालाई रद्द गर्ने, फिर्ता लिने वा नवीकरण गर्ने पूर्ण अधिकार संस्थामा निहित हुनेछ ।

१५. सबै विवादहरु काठमाडौं, नेपालका अदालतहरुको कार्य क्षेत्रमा पर्नेछन् ।

## स्व:घोषणा

म/हामी यो घोषणा गर्दछु/छौं कि माथि उल्लेखित सम्पुर्ण विवरणहरु साँचो हुन् । यदि उल्लेखित विवरणहरु कुनै कारणबश गलत भएको अथवा गलत प्रमाणित भएको अवस्थामा त्यसवाट सिर्जना हुने सम्पूर्ण परिस्थितिको जिम्मेवार म/हामी स्वयं हुनेछु /छौं । मोवाईल बैंकिङ्ग र डेविट कार्ड सेवा उपभोग गर्ने सम्वन्धमा यस वित्तीय संस्थाद्वारा जारी गरिएका मोबाईल बैंकिङ्ग सेवा र डेविट कार्ड सेवा सँग सम्वन्धित माथि उल्लेख गरिएका सम्पूर्ण नियम, शर्तहरु राम्ररी पढीबुझी स्वीकार गर्दछु/छौं । साथै मोवाइल बैंकिङ्ग र कार्ड सेवा उपयोग गरेवापत वित्तीय संस्थाले समय समयमा निर्धारण गरे बमोजिमको सेवा शुल्क मेरो/हाम्रो नाममा रहेको माथि उल्लेखित खातावाट असुल गर्नहुन मेरो/हाम्रो मन्जुरी छ ।

..............................

हस्ताक्षर